# शिक्षक सेवा आयोग (पाचौ संशोधन) नियमावली, २०६७

**नेपाल सरकार**

**शिक्षक सेवा आयोग**

सानोठिमी, भक्तपुर

नेपाल

# सूचना २

## शिक्षक सेवा आयोग (पाँचौ संशोधन) नियमावली, २०६७

शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (पाँचौ संशोधन) नियमावली, २०६७" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६ख. मा संशोधनः** शिक्षक सेवा आयोग नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ६ख. को उपनियम (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:-

"(ग) पुनः बहाली भएको स्थायी शिक्षक,

(घ) खण्ड (क) प्रारम्भ हुँदाका बखत स्थायी शिक्षक भई कुनै कारणले अध्यापनपत्र लिन नसकेका शिक्षक ।"

३. **मूल नियमावलीको नियम ६घ. मा संशोधनः** मूल नियमावलीको नियम ६घ. को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको व्यक्ति माध्यमिक विद्यालयको शिक्षकको अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ ।

तर त्यस्तो व्यक्तिले सेवा शुरु गरेको दुई वर्षभित्र तालीम नलिएमा निजले प्राप्त गरेको अध्यापन अनुमतिपत्र स्वतः रद्द हुनेछ ।"

४. **मूल नियमावलीमा नियम ६च. थप** : मूल नियमावलीको नियम ६ङ पछि देहायको नियम ६च. थपिएको छः-

"६च. दुर्गम क्षेत्रका विद्यालयमा पठन पाठन गर्न अस्थायी अध्यापन अनुमतिपत्र दिन सक्ने : (१) ऐनको दफा ११ङ को उपदफा (६क) बमोजिम विज्ञान, गणित वा अंग्रेजी विषयमा अध्यापन अनुमतिपत्र लिएको व्यक्ति उपलब्ध नभई दुर्गम क्षेत्रका विद्यालयमा त्यस्तो विषय पठन पाठन हुन नसक्ने भएमा आयोगले नियम ९ बमोजिमको तालीम नलिएको भए तापनि न्यूनतम शैक्षिक योग्यता पुगेका व्यक्तिहरुमध्येबाट अस्थायी अध्यापन अनुमतिपत्रको लागि दरखास्त आव्हान गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिने व्यक्तिहरुको आयोगले अन्तर्वाता लिई अन्तर्वातामा उत्तीर्ण हुने व्यक्तिलाई दुर्गम क्षेत्रका विद्यालयमा मात्र अध्यापन गर्न पाउने गरी अस्थायी अनुमतिपत्र दिन सक्नेछ ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "दुर्गम क्षेत्र" भन्नाले मन्त्रालयले दुर्गम क्षेत्र भनी तोकेको कुनै जिल्ला, गाउँ विकास समिति वा विद्यालय रहेको क्षेत्रलाई जनाउनेछ ।"

५. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन् :-

"(५) उपनियम (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुन अघि स्वीकृत स्थायी शिक्षक दरबन्दीमा अस्थायी नियुक्ति भई सेवामा रहेका शिक्षकहरुको हकमा बाहेक संवत् २०६८ साल वैशाख १ गतेदेखि प्राथमिक तहको शिक्षकको लागि प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको व्यक्ति उम्मेदवार हुन सक्ने छैन ।

(६) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले दुई सय पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालीम आवश्यक पर्ने छैन ।"

६. **मूल नियमावलीमा नियम ११क. र ११ख. थप**ः मूल नियमावलीको नियम ११ पछि देहायका नियम ११क. र ११ख. थपिएका छन्ः-

"११क. **शिक्षक सेवालाई समावेशी बनाउनु पर्नेः** (१) शिक्षक सेवालाई समावेशी बनाउन सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने शिक्षक पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका उम्मेदवारहरु बीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | | |
|---|---|---|
| (क) | महिला | - तेत्तीस प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | -सत्ताईस प्रतिशत |
| (ग) | तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय | - बाईस प्रतिशत |
| (घ) | दलित | - नौ प्रतिशत |
| (ङ) | अपाङ्ग | - पाँच प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | - चार प्रतिशत |

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि,-

(१) "आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान" भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान सम्झनु पर्छ ।

(२) "पिछडिएको क्षेत्र" भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम महिलाको लागि छुट्टयाइएको तेत्तीस प्रतिशत स्थान मध्ये तीन प्रतिशत स्थान दलित समुदायका महिला र दुई प्रतिशत स्थान मुस्लिम समुदायका महिलाका लागि छुट्टयाउनु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिम उम्मेदवार हुने व्यक्तिले कुनै एक पदको लागि भएको विज्ञापनमा कुनै एक खण्डको समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ ।

तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन।

(४) उपनियम (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घतांक (फ्याक्शन) आएमा त्यस्तो घतांक जुन समूहको हकमा घतांक आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(५) उपनियम (१) बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमा समावेश गर्नु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम निर्धारण गरिएको प्रतिशतद्धारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।

(८) उपनियम (१) को प्रयोजनको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका आदिवासी/जनजाति, मधेशी, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ ।

(९) उपनियम (१) बमोजिमको प्रतिशत बमोजिम पद संख्या निर्धारण गर्दा कुनै विवाद आएमा आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

**११ख**. **पदसंख्या निर्धारण गर्नेः** (१) नियम ८ बमोजिम जिल्ला शिक्षा कार्यालयबाट रिक्त दरबन्दीको विवरण प्राप्त भएपछि आयोगले रिक्त पदमध्ये खुल्ला प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति हुने प्रतिशतको आधारमा पदसंख्या निर्धारण गर्नेछ ।

(२) उपनियम (१) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदसंख्या निर्धारण गर्दा नियम ११क. बमोजिम पूर्ति हुने पदसंख्या समेत निर्धारण गर्नु पर्नेछ ।"

**७. मूल नियमावलीमा नियम १३क. थप** : मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छः-

**"१३क. समावेशी पदमा दरखास्त बुझाउने आधारः** नियम ११क. बमोजिम छुट्टयाइएका पदमा दरखास्त दिंदा देहायका आधारमा दिनु पर्नेछ :-

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको आधारमा,

(ख) तराई– मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको र त्यसरी नतोकिएसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय भनी प्रमाणित भएको आधारमा,

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित भएको आधारमा,

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित भएको आधारमा,

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा विज्ञापन भएको जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट दरखास्त दिंदाका वखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित भएको आधारमा ।"

**८. मूल नियमावलीको नियम २२ मा संशोधन :** मूल नियमावलीको नियम २२ को,-

(१) खण्ड (क) मा रहेका "दश अङ्क" भन्ने शब्दहरुको सट्टा "बाह्र अङ्क" भन्ने शब्दहरू राखी सोही खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवामा अस्थायी काम गरे वापतको अङ्क दिइने छैन ।"

(२) खण्ड (ग) मा रहेका "बाह्र अङ्क" भन्ने शब्दहरुको सट्टा "दश अङ्क" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल नियमावलीको नियम २४ मा संशोधनः** मूल नियमावलीको नियम २४ को,-

(१) उपनियम (१) मा रहेका "प्रतिक्षा सूचीमा" भन्ने शब्दहरूको सट्टा "वैकल्पिक सूचीमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायका उपनियम (३), (४) र (५) थपिएका छन्:-

"(३) आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरुमध्येबाट करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि सिफारिस भएका पदसंख्याको पचास प्रतिशतले हुने संख्यामा छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचीमा स्थायी नियुक्ति हुन नसकेका वैकल्पिक उम्मेदवार समेत योग्यताक्रमको आधारमा स्वतः समावेश हुनेछ ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही तहमा पुनः विज्ञापन भई उम्मेदवार सिफारिस भएमा अघिल्लो वैकल्पिक उम्मेदवारको सूची स्वतः रद्द हुनेछ ।"

१०. **मूल नियमावलीको नियम २५ मा संशोधनः** मूल नियमावलीको नियम २५ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सिफारिस गरिएको उम्मेदवारले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले तीस दिनभित्र नियुक्ति नलिएमा,"

११. **मूल नियमावलीको नियम २८ मा संशोधनः** मूल नियमावलीको नियम २८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएका छ :-

"(२) आयोगले शिक्षकलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्य क्षमताको आधारमा गर्नेछ र शिक्षकको कार्य क्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा १०० अङ्क दिइनेछः-

| | | |
|---|---|---|
| (क) | नोकरीको ज्येष्ठता वापत | ३५ |
| (ख) | शैक्षिक योग्यता वापत | २० |
| (ग) | तालीम वापत | १० |
| (घ) | कार्य सम्पादनलाई देहाय बमोजिम विभाजन गरिनेछः- | |
| | (१) अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि वापत | १५ |
| | (२) शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरे वापत | ५ |
| | (३) विशेष जिम्मेवारी वापत | ५ |
| | (४) कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कन वापत | १०" |

१२. **मूल नियमावलीको नियम २९ मा संशोधनः** मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छः-

"२९. **नोकरीको जेष्ठताः** (१) ज्येष्ठता वापत अङ्क प्रदान गर्दा सम्बन्धित तहमा स्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको २.५ अङ्कका दरले र अस्थायी नियुक्ति भई अध्यापन गरेको भए प्रत्येक वर्षको १.२५ अङ्कका दरले बढीमा ३५ अङ्क प्रदान गरिनेछ ।

तर

(१) महिला, दलित र अपांग भए एक वर्ष अनुभव थप गरी ३५ अङ्कमा नबढ्ने गरी सोही अनुपातमा अङ्क प्रदान गरिनेछ ।

(२) एक शैक्षिक सत्र भन्दा कम अवधिको चानचुन महिना वा दिनको लागि समानुपातिक हिसावले अङ्क दिइनेछ ।

(३) गयल भएको वा असाधारण विदा वा वेतलबी विदामा बसेको अवधिको अङ्क दिइने छैन् ।

(२) कार्य सम्पादन मूल्याङ्कनको आधारमा बढुवा गर्ने प्रयोजनको लागि स्थायी सेवा बीचमा टुटेको भए सो अवधि कट्टा गरी बाँकी काम गरेको अवधि समेत गणना गरिनेछ ।

तर तलब नपाउने गरी विद्यालयमा अनुपस्थित रहेको अवधिलाई काम गरेको अवधि मानिने छैन ।"

१३. **<u>मूल नियमावलीको नियम ३० मा संशोधनः</u>** मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ

"३०. **<u>शैक्षिक योग्यताः</u>** (१) शिक्षकलाई शैक्षिक योग्यता वापत अङ्क प्रदान गर्दा सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीको लागि १५ अङ्क, द्वितीय श्रेणीको लागि १३ अङ्क र तृतीय श्रेणीको लागि ११ अङ्क दिइनेछ ।

(२) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक उपाधि हासिल गरेको भए एक शैक्षिक उपाधिसम्मको लागि प्रथम श्रेणीको लागि ५ अङ्क, द्वितीय श्रेणीको लागि ४ अङ्क र तृतीय श्रेणीको लागि ३ अङ्क दिइनेछ ।

(३) कुनै शिक्षकले न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो एक भन्दा बढी उपाधि हासिल गरेको भएमा शिक्षकले रोजेको कुनै एक उपाधिको मात्र अङ्क दिइनेछ ।

(४) श्रेणी नखुलेको शैक्षिक योग्यता वापत द्वितीय श्रेणीको अङ्क दिइनेछ ।"

१४. **<u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छ :-

**"३१. <u>तालीम</u> :** (१) सम्बन्धित तह वा सो भन्दा माथिल्लो स्तरको शिक्षा शिक्षणसँग सम्बन्धित दश महिना वा सो भन्दा बढी अवधिको मान्यता प्राप्त तालीम प्राप्त गरेको वा प्राथमिक शिक्षकको हकमा ४०० पूर्णाङ्कको शिक्षा विषय लिई प्रवेशिका परीक्षा उत्तीर्ण गरेकोमा तालीम वापत प्रथम श्रेणीको भए १० अङ्क, द्वितीय श्रेणीको भए ८ अङ्क र तृतीय श्रेणीको भए ६ अङ्क दिइनेछ ।

(२) श्रेणी नखुलेको तालीम वापत द्वितीय श्रेणीको अङ्क दिईनेछ ।

(३) शिक्षा विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह, स्नातक तह वा स्नातकोत्तर तह उत्तीर्ण गरेको सम्बन्धित तहको शिक्षकलाई तालीम बापत १० अङ्क ननाघ्ने गरी न्यूनतम योग्यता र तालीम वापतको दुवै अङ्क दिईनेछ ।"

१५. **<u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u> :** मूल नियमावलीको नियम ३२ को सट्टा देहायको नियम ३२ राखिएको छ :-

"**३२. <u>कार्य सम्पादन</u>**: शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गर्न अनुसूची-१ बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।"

१६. **<u>मूल नियमावलीमा नियम ३२क., ३२ख., ३२ग. र ३२घ. थपः</u>** मूल नियमावलीको नियम ३२ पछि देहायका नियम ३२क., ३२ख., ३२ग. र ३२घ. थपिएका छन् :-

**"३२क. <u>अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिः</u>** (१) अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि वापत १५ अङ्कमा नबढ्ने गरी प्रति वर्ष बढीमा तीन अङ्कका दरले देहायका आधारमा पछिल्लो पाँच वर्षको अङ्क गणना गरिनेछः-

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ३$$

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि,-

(१) "अध्यापन गरेको विषय" भन्नाले साप्ताहिक रूपमा सबैभन्दा बढी साप्ताहिक घण्टी (क्रेडिट आवर) पढाएको विषयलाई सम्झनु पर्छ र सो शब्दले कुनै शिक्षकको त्यसरी पढाएको विषय एकभन्दा बढी भए सम्बन्धित शिक्षकले रोजेको विषयलाई जनाउँछ।

(२) "भौगोलिक इकाई" भन्नाले स्रोत केन्द्र सम्झनु पर्छ ।

(२) उपनियम (१) बमोजिम हिसाव गर्दा कुनै भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत ४० भन्दा कम भएमा ४० अङ्क मानिनेछ ।

(३) उपनियम (१) बमोजिम हिसाव गर्दा विद्यार्थीले कक्षा ३ वा ५ को उपलब्धि परीक्षा, कक्षा ८ को जिल्लास्तरीय परीक्षा, प्रवेशिका वा उच्च माध्यमिक परीक्षामा प्राप्त गरेको औसत अङ्कलाई आधार मान्नु पर्नेछ ।

(४) कुनै शिक्षकले कक्षा ३, ५, ८, १० वा १२ मा अध्यापन नगरी प्राथमिक, निम्न माध्यमिक, माध्यमिक वा उच्च माध्यमिक तहका अन्य कक्षामा अध्यापन गरेको भए पनि कक्षा ३, ५, ८, प्रवेशिका वा उच्च माध्यमिक परीक्षालाई आधार मानी अङ्क गणना गर्नु पर्नेछ ।

(५) अपाङ्गलाई मात्र अध्यापन गर्ने शिक्षकको हकमा विद्यार्थीले प्राप्त गरेको औसत अङ्कलाई ५० ले भाग गरी ३ ले गुणन गरेर वार्षिक अङ्क निकाल्नु पर्नेछ ।

तर त्यस्तो अङ्क ३ भन्दा बढी हुने छैन ।

(६) स्रोत व्यक्तिको रूपमा काम गर्ने गरी खटिएको शिक्षकको हकमा आफ्नो क्षेत्रभित्रका विद्यालयले कक्षा ३, ५, ८, प्रवेशिका वा उच्च माध्यमिक परीक्षामा प्राप्त गरेको समग्र औसत अङ्कलाई ५० ले भाग गरी ३ ले गुणन गरेर वार्षिक अङ्क निकाल्नु पर्नेछ ।

(७) कुनै शिक्षकको शैक्षिक सत्रको वीचमा सरुवा भई विद्यालयमा कार्यरत अवधि छ महिनाभन्दा कम भएमा निजले छ महिना भन्दा वढी अवधि काम गरेको विद्यालयको नतिजालाई आधार मानी अङ्क प्रदान गरिनेछ ।"

**३२ख. <u>शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान</u>:** (१) शिक्षकलाई निजले अध्यापन गरेको विषयमा शिक्षण सुधारको लागि अनुसन्धान गरी प्रतिवेदन तयार गरे वापत प्रत्येक वर्ष १ अङ्कका दरले बढीमा ५ अङ्क दिइनेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन शिक्षकको हकमा प्रधानाध्यापक तथा विद्यालय निरीक्षकले र प्रधानाध्यापकको हकमा सम्बन्धित स्रोत व्यक्ति तथा विद्यालय निरीक्षकले प्रमाणित गर्नु पर्नेछ ।

**३२ग. <u>विशेष जिम्मेवारी</u>:** (१) विद्यालयको प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, अतिरिक्त क्रियाकलाप संयोजक जस्ता विशेष जिम्मेवारी लिएका शिक्षकलाई प्रत्येक वर्ष १ का दरले बढीमा ५ अङ्क दिइनेछ।

(२) विशेष जिम्मेवारी वापतको अङ्क दिंदा पूरै वर्ष काम नगरेको शिक्षकको हकमा काम गरेको अवधिको समानुपातिक हिसाबले अङ्क दिइनेछ ।

**३२घ. <u>कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्याङ्कन</u>:** (१) शिक्षकको कार्य सम्पादन मूल्याङ्कन वापत देहायको अङ्क दिइनेछ :-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकतम अङ्क ८,

(ख) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम अङ्क २ ।

(२) शिक्षकको सुपरीवेक्षक प्रधानाध्यापक र पुनरावलोकन समितिमा सम्बन्धित विद्यालय निरीक्षक, प्रधानाध्यापक र स्रोत व्यक्ति रहनेछन् ।

तर प्रधानाध्यापक र शिक्षक समान तह वा श्रेणीको भएमा वा कुनै शिक्षक प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको भएमा त्यस्तो शिक्षकको सुपरीवेक्षक प्राथमिक र निम्न माध्यमिक शिक्षकको हकमा स्रोत व्यक्ति र माध्यमिक शिक्षकको हकमा सम्बन्धित विद्यालय निरीक्षक हुनेछ ।

(३) निम्न माध्यमिक र माध्यमिक विद्यालयको प्रधानाध्यापकको सुपरीवेक्षक सम्बन्धित विद्यालय निरीक्षक र पुनरावलोकन समितिमा जिल्ला शिक्षा अधिकारी, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सम्बन्धित विद्यालय निरीक्षक तथा प्राथमिक विद्यालयका प्रधानाध्यापकको हकमा सम्बन्धित स्रोत व्यक्ति सुपरीवेक्षक र पुनरावलोकन समितिमा सम्बन्धित विद्यालय निरीक्षक, विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सम्बन्धित स्रोत व्यक्ति हुनेछन् ।

(४) कुनै कारणले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पद रिक्त भएमा अध्यक्षको काम गर्ने व्यक्तिले सोही व्यहोरा जनाई पुनरावलोकन समितिको सदस्य भई काम गर्नु पर्नेछ ।

(५) कार्य सम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा यो उपनियम प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनमा पछिल्लो एक वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको अङ्क हिसाव गरिनेछ र त्यसपछि दोस्रो वर्षमा हुने विज्ञापनमा दुई वर्षको, तेस्रो र चौथो वर्षमा क्रमशः तीन र चार वर्षको औसत अङ्क गणना गरिनेछ ।

(६) कार्य सम्पादन मूल्याङ्कन फारामको खण्ड (घ) गोप्य रूपमा भर्नु पर्नेछ ।

(७) सम्बन्धित शिक्षकले शैक्षिक सत्र शुरु भएको मितिले तीस दिनभित्र कार्य सम्पादन मूल्याङ्कन फाराममा आफूले भर्नु पर्ने विवरण भरी सम्बन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम प्राप्त कार्य सम्पादन मूल्याङ्कन फाराम प्राप्त भएमा प्रधानाध्यापक आफैं सुपरीवेक्षक भए पन्ध्र दिनभित्र मूल्याङ्कन गरी पुनरावलोकन समितिको मूल्याङ्कनका लागि जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ । प्रधानाध्यापक आफू सुपरीवेक्षक नभएमा त्यस्तो फाराम सात दिनभित्र सुपरीवेक्षक समक्ष पठाउनु पर्नेछ ।

(९) पुनरावलोकन समितिले आफू समक्ष प्राप्त भएको कार्य सम्पादन मूल्याङ्कन फाराम शैक्षिक सत्र शुरु भएको मितिले नब्बे दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ ।

(१०) निर्धारित अवधिभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम भरी पेश नगर्ने शिक्षक, समयमा मूल्याङ्कन नगर्ने सुपरीवेक्षक तथा पुनरावलोकन समितिका पदाधिकारीहरू उपर अख्तियारवालाले विभागीय कारबाही गर्नु पर्नेछ ।

तर काबू वाहिरको परिस्थितिको कारण निर्धारित अवधिभित्र कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गर्न वा मूल्याङ्कन गर्न नसकिएमा सोको स्पष्ट लिखित कारण खुलाई जिल्ला शिक्षा अधिकारीले यस नियमको अधीनमा रही शैक्षिक सत्र शुरु भएको छ महिनाभित्र त्यस्तो कार्य सम्पादन मूल्याङ्कन पेश गर्न वा मूल्याङ्कन गर्न वा गराउन सक्नेछ ।

(११) एक शैक्षिक सत्रभन्दा लामो अवधि विदा वा काजमा बस्ने शिक्षकको कार्य सम्पादन मूल्याङ्कन निज विद्यालयमा कार्यरत रहँदाको पछिल्लो शैक्षिक सत्रमा पाएको अङ्क बरावर हुने गरी गणना गरिनेछ ।

(१२) पुनरावलोकन समितिबाट कार्य सम्पादन मूल्याङ्कन भईसकेपछि सम्बन्धित शिक्षकले निजले प्राप्त गरेको कार्य सम्पादन मूल्याङ्कनको वापतको अङ्क हेर्न निवेदन दिएमा जिल्ला शिक्षा अधिकारीले निजलाई त्यस्तो अङ्कबारे जानकारी दिनु पर्नेछ ।

तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी दिइने छैन ।

(१३) उपनियम (१२) बमोजिम जानकारी लिएपछि कुनै शिक्षकलाई सुपरीवेक्षकले गरेको मूल्याङ्कन चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र जिल्ला शिक्षा अधिकारी समक्ष उजूरी गर्न सक्नेछ ।

(१४) उपनियम (१३) बमोजिम उजूरी प्राप्त भएमा जिल्ला शिक्षा अधिकारीले सो उजूरी उपर सम्बन्धित सुपरीवेक्षक र पुनरावलोकन समितिका सदस्यसँग परामर्श गरी आवश्यक छानविन गर्नेछ र त्यसरी छानविन गर्दा निजको उजूरी मनासिब देखिएमा एक महिनाभित्र त्यस्तो कार्य सम्पादन मूल्याङ्कन फाराममा प्राप्त अङ्क सुपरीवेक्षक र पुनरावलोकन समितिका सदस्यसँग परामर्श गरी संशोधन गर्न सक्नेछ ।

(१५) उपनियम (१४) बमोजिम संशोधन गरेको निर्णयको प्रतिलिपि सोही कार्य सम्पादन मूल्याङ्कन फारामसँग नत्थी गरी राख्नु पर्नेछ ।"

१७. **मूल नियमावलीको नियम ३४ मा संशोधनः** मूल नियमावलीको नियम ३४ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छनः-

"(४) उपनियम (१) बमोजिम पर्न आएको उजूरी झुट्टा ठहरिएमा उजूरी पछि हुने बढुवामा त्यस्तो उजूरीकर्ताको पहिलो पटकको उजूरी भए २ अङ्क र दोस्रो पटकको उजूरी भए ३ अङ्क घटाइनेछ ।

(५) उपनियम (४) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित शिक्षक तथा सम्बन्धित शिक्षक कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयलाई दिनु पर्नेछ ।"

१८. **मूल नियमावलीको नियम ३९ मा संशोधनः** मूल नियमावलीको नियम ३९ को उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) यस नियम बमोजिम बढुवा हुन कुनै शिक्षकले निवेदन नदिएको भए तापनि त्यस्तो शिक्षकसँग सम्बन्धित कागजातको आधारमा आयोगले बढुवाका लागि सिफारिस गरेको शिक्षकलाई शिक्षक किताबखानाले एक श्रेणी माथिको तलब रकमबाट हिसाब गरी निवृत्तिभरण निर्धारण गर्नु पर्नेछ ।"

१९. **मूल नियमावलीमा नियम ३९क. थपः** मूल नियमावलीको नियम ३९ पछि देहायको नियम ३९क.थपिएको छः-

"**३९क. कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्थाः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको श्रेणीका पदमा कम्तीमा देहाय बमोजिमको सेवा अवधि पूरा गरेका शिक्षकले सेवा प्रवेश गर्दा निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता सेवा प्रवेश हुनु भन्दा अघि वा पछि प्राप्त गरेको भए त्यस्तो शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछः –

| | |
|---|---|
| (क) प्राथमिक तृतीय श्रेणी | - १० वर्ष |
| (ख) प्राथमिक द्वितीय वा निम्न माध्यमिक. तृतीय श्रेणी | - १२ वर्ष |
| (ग) निम्न माध्यमिक द्वितीय वा माध्यमिक तृतीय श्रेणी | - १५ वर्ष |
| (घ) माध्यमिक द्वितीय श्रेणी | - १८ वर्ष |

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका द्वितीय र तृतीय श्रेणीका शिक्षकले एउटै श्रेणीको स्थायी पदमा क्रमशः १३, १५ र १८ वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरी सेवा प्रवेशका वखत निर्धारित विषयमा न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको भए त्यस्तो शिक्षकलाई एक श्रेणी माथिको पदमा बढुवा गरिनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम श्रेणीको शिक्षक र देहायको अवस्थामा कुनै पनि शिक्षक बढुवा हुन सक्ने छैनः-

(क) नियम २७ को प्रतिबन्धात्मक वाक्यांशको अवस्थामा,

(ख) पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसतमा नब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त नगरेको अवस्थामा ।

(४) उपनियम (१) वा (२) बमोजिम बढुवा गरिएको शिक्षकको अभिलेख आयोगले अद्यावधिक गरी सोको जानकारी शिक्षक किताबखानालाई समेत दिनु पर्नेछ ।

(५) यस नियम बमोजिम बढुवा भएको शिक्षक जुनसुकै कारणले सेवाबाट अवकाश भएमा वा निज माथिल्लो पदमा बढुवा भएमा निजको पद संम्बन्धित तहको तृतीय श्रेणीमा कायम हुनेछ ।

(६) यस नियम बमोजिमको बढुवा एक पटकको लागि मात्र गरिनेछ र आयोगले बढुवा सम्बन्धी कार्य संवत् २०६८ साल चैत्र मसान्त भित्र सम्पन्न गर्नु पर्नेछ ।

(७) कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवाको दरखास्त आव्हान गर्ने, नतिजा प्रकाशन गर्ने प्रकृया र अवधि, बढुवा उपरको उजूरीको कार्यविधि सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।”

२०. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-१ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची-१ राखिएको छ-

## अनुसूची- १
### (नियम ३२ को उपनियम (२) संग सम्बन्धित)
### शिक्षकको कार्य सम्पादन मूल्याङ्कन फाराम

का.स.मू. फाराम दर्ता नं. :   दर्ता मिति :   दर्ता भएको विद्यालय

शिक्षक/प्रधानाध्यापकको नाम थर:

शिक्षक संकेत नं.:

तह:

श्रेणी:

विद्यालयको नाम ठेगाना:

मूल्याङ्कन अवधि: ................................ देखि ...................................... सम्म

**खण्ड क**

**१.** अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि **वार्षिक पूर्णाङ्क : ३**

(क) अध्यापन गरेको तह:

(ख) अध्यापन गरेको कक्षा:

(ग) अध्यापन गरेका विषय:

(घ) आधार लिइएको परीक्षा:

(१) कक्षा ३ को उपलब्धि परीक्षा

(२) कक्षा ५ को उपलब्धि परीक्षा

(३) कक्षा ८ को जिल्लास्तरीय परीक्षा

(४) प्रवेशिका परीक्षा

(५) उच्च माध्यमिक परीक्षा

(६) अपाङ्गलाई अध्यापन गर्ने विद्यार्थीको परीक्षा

(७) स्रोत व्यक्तिको रूपमा खटिएको शिक्षकको हकमा स्रोत केन्द्रभित्रको विद्यार्थीहरूले प्राप्त गरेको परीक्षाहरूको समग्र परीक्षाफलको औसत

(८) अन्य:

(ङ) सम्बन्धित विषयको परीक्षामा विद्यार्थीहरूले प्राप्त गरेको औषत अङ्क: ..................................

(च) $$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उतीर्ण प्रतिशत}}{\text{सम्वन्धित विषयको भौगोलिक इकाइको औसत उतीर्ण प्रतिशत}} \times ३$$

शिक्षकले प्राप्त गरेको अङ्क: [ ]

सिफारिस गर्नेको दस्तखत .................................

नाम थर ____________________

पद ____________________

प्रमाणित गर्ने प्रधानाध्यापक, स्रोत व्यक्ति वा विद्यालय निरीक्षकको दस्तखत : ..................................

नाम थर ____________________

पद ____________________

आफूले अध्यापन गरेको विद्यार्थीले प्राप्त गरेको परीक्षाफल अनुसार गणना भएको छ भनी दस्तखत गर्ने सम्बन्धित शिक्षकको दस्तखत ..................................

(प्रधानाध्यापकको मूल्याङ्कन गर्ने भए स्रोत व्यक्ति र विद्यालय निरीक्षकले माथि उल्लेखित कुरा सिफारिस गरी दस्तखत गर्नु पर्नेछ ।)

**खण्ड ख**

२. **शिक्षण कार्यसँग सम्बन्धित अनुसन्धानको विवरण** वार्षिक पूर्णाङ्क: १

(क) अनुसन्धान गरिएको विषयको संक्षिप्त व्यहोरा:

(ख) अनुसन्धानबाट प्राप्त निष्कर्षको संक्षिप्त व्यहोरा:

(ग) संलग्न गरिएको प्रतिवेदनको पृष्ठ संख्या:

(घ) शिक्षकले प्राप्त गरेको अङ्क: ..................................

(शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरी प्रतिवेदन पेश भएको हो भनी सिफारिस गर्ने शिक्षकको हकमा प्रधानाध्यापक र प्रधानाध्यापकको हकमा स्रोत व्यक्ति र विद्यालय निरीक्षकले दस्तखत गर्नु पर्नेछ ।)

सिफारिस गर्नेको दस्तखत ____________________

नाम थर ____________________

पद ____________________

संकेत नं. ____________________

मिति ____________________

प्रमाणित गर्नेको दस्तखत ____________________

नाम थर ____________________

पद ____________________

संकेत नं. ____________________

मिति ____________________

**खण्ड ग**

३. **विशेष जिम्मेवारीको विवरण**

**वार्षिक पूर्णाङ्क : १**

(क) प्रधानाध्यापक ............ देखि ............. सम्म [ ]

(ख) सहायक प्रधानाध्यापक ............ देखि ............. सम्म [ ]

(ग) विशेष शिक्षा शिक्षक ............ देखि ............. सम्म [ ]

(घ) वर्ग शिक्षक ............ देखि ............. सम्म [ ]

(ङ) बहुवर्ग शिक्षक ............ देखि ............. सम्म [ ]

(च) विद्यार्थी-परामर्श तथा सल्लाह सेवा संयोजक...... देखि .......... सम्म [ ]

(छ) संगीत, गायन र नृत्य संयोजक ............ देखि ............. सम्म [ ]

(ञ)   खेलकुद संयोजक ............. देखि ............. सम्म ☐

(झ)   अतिरिक्त क्रियाकलाप संयोजक ............. देखि ............. सम्म ☐

(ञ)   परीक्षा र विद्यार्थी मूल्याङ्कन संयोजक ........ देखि ............. सम्म ☐

(ट)   विद्यालय समुदाय सम्बन्ध संयोजक ......... देखि ............. सम्म ☐

(ठ)   अन्य ....................... देखि ............. सम्म ☐

शिक्षकले प्राप्त गरेको अङ्क ☐

सिफारिस गर्ने प्रधानाध्यापक वा स्रोत व्यक्तिको दस्तखतः ............................

नाम थर ____________________

पद ____________________

संकेत नं. ____________________

मिति ____________________

प्रमाणित गर्ने स्रोत व्यक्ति वा विद्यालय निरीक्षकको दस्तखतः ...........................

नाम थर ____________________

पद ____________________

संकेत नं. ____________________

मिति ____________________

## खण्ड घ

कार्य सम्पादनको आधारमा सुपरीवेक्षक र पुनरावलोकन समितिको मूल्याङ्कन

| | | सुपरीवेक्षक ८ | | | | पुनरावलोकन समिति २ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मूल्याङ्कनका आधारहरू | अतिउत्तम (१.००) | उत्तम (०.७५) | मध्यम (०.५०) | सामान्य (०.२५) | अतिउत्तम (०.२५) | उत्तम (०.२०) | मध्यम (०.१५) | सामान्य (०.१०) |
| १. | विषयवस्तुको ज्ञान | | | | | | | | |
| २. | शिक्षण पेशा प्रतिको निष्ठा, लगनशीलता र आचारसंहिताको पालना | | | | | | | | |
| ३. | विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने तदारुखता, उत्तरदायित्व बहन र जिम्मेवारी बोध | | | | | | | | |
| ४. | अध्यापन विधि र सीपको प्रयोग | | | | | | | | |
| ५. | विद्यालय समय, कक्षा कोठा समयको पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन र सञ्चालन | | | | | | | | |
| ६. | अतिरिक्त क्रियाकलाप प्रति सक्रियता एवं संलग्नता | | | | | | | | |
| ७. | शैक्षिक सामग्री संकलन, निर्माण र प्रयोग | | | | | | | | |
| ८. | विद्यार्थीको प्रगतिको अध्यावधिक अभिलेख राख्ने र अभिभावकहरूलाई जानकारी गराउने | | | | | | | | |
| प्रत्येक महलको जम्मा | | | | | | | | | |
| जम्मा अङ्क : अक्षरमाः | | | | | | जम्मा अङ्क : अक्षरमाः | | | |
| सुपरीवेक्षक र पुनरावलोकन समितिले दिएको जोड्दा हुन आउने कुल अङ्क : अक्षरमा : | | | | | | | | | |
| कैफियत : | | | | | | | | | |

| सुपरीवेक्षकको नाम : | <u>पुनरावलोकन समिति</u> |
|---|---|
| पदः | १ नाम :<br>पदः दस्तखत :<br>संकेत नं. |
| दस्तखत : | |
| मिति : | २ नाम :<br>पदः दस्तखत :<br>संकेत नं. |
| संकेत नं. | ३ नाम :<br>पदः दस्तखत :<br>मिति :<br>संकेत नं. |

आज्ञाले,

शंकरप्रसाद पाण्डे
नेपाल सरकारको सचिव